# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर अधिकारीद्वारा नक्साल तरकारी बजारमा क्यूआर कोड भुक्तानीको शुभारम्भ

### क्यूआर कोड भुक्तानीलाई देशव्यापी अभियानको रुपमा विस्तार गरिनेछः गभर्नर अधिकारी

गभर्नर महाप्रसाद अधिकारीले क्विक रिस्पोन्स (क्यूआर) कोडमार्फत हुने भुक्तानीलाई देशव्यापी अभियानको रूपमा विस्तार गरिने धारणा व्यक्त गर्नुभएको छ ।



नक्साल तरकारी तथा फलफूल बजारमा क्यूआर कोडबाट हुने भुक्तानी कारोबारको आज एक कार्यक्रमका बीच शुभारम्भ गर्दै गभर्नर अधिकारीले यस्तो धारणा व्यक्त गर्नुभएको हो । नक्साल तरकारी तथा फलफूलबजारस्थित पसलमा क्यूआर कोड भुक्तानीमार्फत तरकारी खरिद गरी उहाँले यसको शुभारम्भ गर्नुभयो ।

सो अवसरमा गभर्नर अधिकारीले नगदरहित कारोबारलाई प्रवर्द्धन गर्ने नेपाल राष्ट्र बैंकको नीति अनुरूप क्यूआर कोडबाट हुने भुक्तानीलाई देशव्यापी अभियानको रूपमा अगाडि बढाइने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “नक्साल तरकारी बजारमा थालिएको क्यूआर कोडको अभ्यास प्रविधिमैत्री कारोबारमा एउटा उत्साहजनक सुरुआत हो । अब यसलाई देशभर अभियानको रूपमा विस्तार गर्ने योजना राष्ट्र बैंकले बनाएको छ ।”

समग्र अर्थतन्त्रलाई प्रविधिमैत्री तुल्याउने सन्दर्भमा क्यूआर कोडको प्रवर्द्धनले ठूलो योगदान पुऱ्याउने विश्वास गभर्नर अधिकारीले व्यक्त गर्नुभयो । “यो प्रविधिको प्रयोगले नगदरहित कारोबारलाई प्रोत्साहन त गर्छ नै, मुलुकको आर्थिक र सामाजिक रूपान्तरणमा समेत ठूलो योगदान पुऱ्याउनेछ ।” उहाँले भन्नुभयो ।

गभर्नर अधिकारीले क्यूआर कोडमार्फत हुने भुक्तानी कारोबार उत्साहजनक रूपमा विस्तार भइरहेको जानकारीसमेत दिनुभयो । पछिल्लो समय हरेक महिना तीस प्रतिशतले यस्तो कारोबार वृद्धि भइरहेको जानकारीसमेत उहाँले गराउनुभयो । क्यूआर कोड कारोबारको प्रवर्द्धन र विस्तारको निम्ति सहजीकरण गर्न राष्ट्र बैंक तयार रहेको उल्लेख गर्दै गभर्नर अधिकारीले त्यसको निम्ति अग्रसर रहन बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक, व्यवसायीलगायतका सरोकारवालाई आग्रहसमेत गर्नुभयो ।

कार्यक्रममा सानिमा बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत एवम् नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष भुवनकुमार दाहालले नक्साल तरकारी बजारमा क्यूआर कोड कारोबारको सुरुआतले थप हौसला मिलेको उल्लेख गर्दै देशभर ‘डिजिटल नेपाल’को प्रवर्द्धनमा राष्ट्र बैंकसँग सहकार्य गरेर अगाडि बढ्न वित्तीय क्षेत्र तयार रहेको जानकारी दिनुभयो ।



सो अवसरमा नक्साल तरकारी तथा फलफूल व्यवस्थापन समितिका अध्यक्ष विष्णु सापकोटाले स्वागत मन्तव्य राख्दै क्यूआर कोडको थालनीसँगै तरकारी बजार प्रविधिमैत्री वातावारणमा प्रवेश गरेको धारणा राख्नुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकहरू भुवन कडेल, देवकुमार ढकाल, मुकुन्दकुमार क्षेत्री, डा.गुणाकर भट्ट, बमबहादुर मिश्र, निर्देशक रोशनकुमार सिग्देललगायतको उपस्थिति थियो ।

सानिमा बैंक र नक्साल तरकारी तथा फलफूल व्यवस्थापन समितिको सहकार्यमा नक्सालस्थित तरकारी तथा फलफूल बजारमा क्यूआर कोडमार्फत भुक्तानी कारोबारको सुरुआत भएको हो । बजारका ७५ स्टलमध्ये अधिकांश स्टलमा क्यूआर कोड सञ्चालनमा आएको जनाइएको छ ।

नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागको आँकडा अनुसार, २०७७ कात्तिक महिनामा क्यूआर कोडमार्फत २ लाख ४१ हजार ८१८ कारोबारहरू भएका छन् । क्यूआर कोडमार्फत हुने भुक्तानी कारोबार पछिल्लो समय लोकप्रिय बन्दै गएको छ ।